कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: २२ | वि.सं. २०८३ वैशाख २२ मंगलवार | नेपाल संवत: ११४५, | ज्येष्ठ कृष्ण तृतीया | Tuesday 5 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णाली सरकारले सार्वजनिक गर्‍यो स्थानीय तहलाई दिने अनुदानको सिलिङ

# गरिबीको खाडल पुर्ने अनुदान धनि पालिकामा केन्द्रित

वित्तीय समानीकरण अनुदान भनेको माथिल्लो सरकारले (संघले प्रदेश र स्थानीय तहलाई वा प्रदेशले स्थानीय तहलाई) दिने यस्तो अनुदान हो, जुन बिना कुनै सर्त उपलब्ध गराइन्छ । कुनै स्थानीय तह धनी हुन्छन् (जस्तै: वीरेन्द्रनगर), कुनैको आयस्रोत कम हुन्छ (जस्तै: छार्कताङसोङ ) । यहीँ खाडल पुर्न यो अनुदान दिइन्छ ।




## हिमाली जिल्लामा न्यून अनुदान

भौगोलिक रूपमा विकट र जनसंख्या कम भएका हिमाली जिल्लाका स्थानीय तहहरूमा अनुदानको हिस्सा तुलनात्मक रूपमा न्यून देखिएको छ । आठ स्थानीय तह रहेको डोल्पामा पालिकाहरूको अनुदान सिलिङ निकै कम छ ।

बाँकी ४ पेजमा

**ओम शाही**
**सुर्खेत, २१ बैशाख ।**

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेशका ७९ वटै स्थानीय तहका लागि वित्तीय समानीकरण अनुदानको बजेट सिलिङ निर्धारण गरेको छ । प्रदेश सरकारले जनसंख्या, भूगोल र विकासको अवस्थालाई आधार मानी स्थानीय तहहरूलाई अनुदानको बाँडफाँड गरेको जनाएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी वर्षको बजेट निर्माण गरिरहेको अवस्थामा स्थानीय तहलाई अनुदानको सिमा तोकिएको हो । प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरणतर्फको अनुदानलाई तीन आधारमा सिमा निर्धारण कानुनी व्यवस्था छ । जसअनुसार प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि न्यूनतममा १४ करोड ३२ लाख ७० हजार, सूत्रमा आधारित ८१ करोड ६७ लाख ३० हजार र कार्यसम्पादन मूल्याङ्कनमा आधारित अनुदानमा चार करोडको सीमा दिएको थियो ।

यसैका आधारमा स्थानीय तहले आफ्नो आगामी वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेट तय गर्ने छन् । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा (३) र कर्णाली प्रदेश वित्तिय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७४ को दफा ४ को उपदफा (१) र (२) बमोजिम आर्थिक वर्ष २०८३/०८४ को लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस अनुसार वित्तिय समानिकरणको अनुदान वितरण गर्ने व्यवस्था छ ।

यही व्यवस्था बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको १० बैशाख २०८३ को मन्त्रीस्तरीय निर्णयानुसार वित्तिय समानीकरण अनुदानको सीमा उपलब्ध गराईएको हो । सार्वजनिक विवरण अनुसार प्रदेश राजधानीसमेत रहेको सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले सबैभन्दा धेरै अनुदान पाएको छ भने डोल्पाको छार्कताङसोङ गाउँपालिकाले सबैभन्दा कम अनुदान बजेट प्राप्त गरेको छ ।

जहाँ आवश्यकता बढी र आम्दानी कम छ, त्यहाँ समानीकरण अनुदान बढी जानुपर्ने हुन्छ । तर, सार्वजनिक सिलिङमा भने त्यसो भएको देखिदैन । प्रदेशका १० जिल्लामध्ये सुगम र दुर्गमका आधारमा अनुदानको रकममा ठूलो भिन्नता देखिएको छ । नौ स्थानीय तह रहेको सुर्खेतमा वीरेन्द्रनगर नगरपालिकाले तीन करोड ५३ लाख ३५ हजार रुपैयाँको सिलिङ पाएको छ, जुन प्रदेशभरिकै उच्च हो । सुर्खेतका नौ वटा स्थानीय तहमध्ये चिङ्गाड गाउँपालिकाले सबैभन्दा कम एक करोड पाँच लाख ५० हजार अनुदान रकम पाएको छ ।

त्यस्तै, ११ पालिका रहेको दैलेखको दुल्लु नगरपालिकाले सबैभन्दा बढी एक करोड ७४ लाख ७५ हजार पाउँदा सबैभन्दा कम डुङ्गेश्वर गाउँपालिकाको भागमा एक करोड तीन लाख मात्र परेको छ । सात स्थानीय तह रहेको जाजरकोटमा भेरी नगरपालिकाले एक

बाँकी ४ पेजमा

## वीरेन्द्रनगरले किन पायो धेरै अनुदान ?

वीरेन्द्रनगर नगरपालिकाले सबैभन्दा धेरै (तीन करोड) पाउनुको कारण त्यहाँको जनसंख्याको उच्च चाप र खर्चको आवश्यकता बढी भएर हो । अर्कोतर्फ, डोल्पाको छार्कताङसोङले थोरै (४५ लाख) पाउनुको मुख्य कारण त्यहाँ जनसंख्या निकै कम हुनु हो, यद्यपि भूगोल ठूलो भए पनि सूत्रले जनसंख्यालाई बढी भार दिने गर्छ ।

कर्णाली प्रदेश वित्तिय हस्तान्तरण (व्यवस्थापन) ऐनमा रहेको यही विभेदकारी नीतिले गरिव पालिकामा जानु पर्ने अनुदान धनि पालिकामा केन्द्रित भइरहेको छ । कर्णालीका दुर्गम तथा हिमाली जिल्लामा अवस्थित स्थानीयतहलाई भुगोलको आधारमा नभई जनसंख्याको आधारमा अनुदान दिइदा सुगुम र दुर्गमबीच विकासमा ठुलो असन्तुलन भइरहेको बताइन्छ ।

वित्तीय समानीकरण अनुदान भनेको माथिल्लो सरकारले (संघले प्रदेश र स्थानीय तहलाई वा प्रदेशले स्थानीय तहलाई) दिने यस्तो अनुदान हो, जुन बिना कुनै सर्त उपलब्ध गराइन्छ । यसको मुख्य उद्देश्य तल्लो सरकारको आफ्नै स्रोत (राजस्व) बाट नपुग हुने खर्चको आवश्यकता पूरा गर्नु हो ।

यो रकम स्थानीय तहले आफ्नो बजेटमा समावेश गरी आफूले चाहेको योजना वा प्रशासनिक कार्यमा खर्च गर्न पाउँछन् । कुनै स्थानीय तह धनी हुन्छन् (जस्तैः वीरेन्द्रनगर), कुनैको आयस्रोत कम हुन्छ (जस्तैः छार्कताङसोङ ) । यहीँ खाडल पुर्न यो अनुदान दिइन्छ ।

# विद्युत सुधारमा नेपालगन्ज वितरण केन्द्रको कडाई

**सरला सुवेदी**
**बाँके, २१ बैशाख ।**

नेपाल विद्युत प्राधिकरण, नेपालगन्ज वितरण केन्द्रले विद्युत आपूर्ति सुधार र अनियमितता नियन्त्रणका लागि आक्रामक अभियान सुरु गरेको छ । केन्द्र प्रमुख संजय कुमार मिश्र आफैं फिल्डमा खटिँदै मिटर अनुगमनलाई तीव्र बनाएका छन् ।

सार्वजनिक बिदाका दिनसमेत स्थलगत निरीक्षण गर्दै वितरण केन्द्रको टोली सिंचाइ, घरेलु तथा अन्य ग्राहकको सेवा अवस्थाबारे अनुगमनमा सक्रिय रहेको छ । उक्त टोलीमा लेखा अधिकृत नन्दसिंह सिकर्मीको पनि सहभागिता रहेको छ ।

वितरण केन्द्रका अनुसार पछिल्ला महिनाहरूमा विद्युत आपूर्तिमा सुधार देखिएको छ । तीन महिनाभित्र पाँच नयाँ फिडर थपिएपछि ओभरलोडको समस्या घटेको दाबी गरिएको छ । यसका आधारमा गर्मीयाममा आपूर्ति अवरुद्ध नहुने विश्वास केन्द्रले व्यक्त गरेको छ ।

बक्यौता असुलीमा कडाइ गर्दै पछिल्ला पाँच महिनामा पाँच हजारभन्दा बढी लाइन काटिएको छ । तीमध्ये चार हजार ग्राहकबाट करिब सात करोड रुपैयाँ असुल गरी पुनः सेवा सञ्चालनमा ल्याइएको केन्द्रले जनाएको छ ।

अनुगमनका क्रममा जानकी गाउँपालिका-बेलभार क्षेत्रमा सिंचाइका लागि जडान गरिएका चारवटा मिटर अन्य प्रयोजनमा प्रयोग भइरहेको भेटिएपछि कारबाही प्रक्रिया अघि बढाइएको छ । ग्रामीण क्षेत्रमा सिंचाइ मिटर दुरुपयोगको गुनासो बढेपछि अनुगमन गाउँस्तरमै केन्द्रित गरिएको केन्द्र प्रमुख मिश्रले जानकारी दिए ।

त्यसैबीच, नो-लाइट शाखामार्फत महत्वपूर्ण स्थानहरूमा नांगो तार हटाई केबुल विस्तारको काम भइरहेको छ । मर्मत शाखाले पनि नियमित अनुगमनमार्फत आपूर्ति अवरोध हुन नदिन आवश्यक सतर्कता अपनाइएको जनाएको छ । प्राधिकरणको सक्रियतासँगै विद्युत चोरी नियन्त्रण, दुरुपयोग न्यूनीकरण तथा सेवा प्रवाहमा थप सुधार आउने अपेक्षा गरिएको छ ।

# भूकम्प प्रभावित १५ छात्रालाई छात्रवृत्ति

**युग संवाददाता**
**सुर्खेत, २१ बैशाख ।**

श्रीज्योति फाउन्डोसनले भूकम्प प्रभावित जिल्लाका १५ जना छात्रालाई छात्रवृत्ति वितरण गरेको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए) को सहकार्यमा रुकुम पश्चिम र जाजरकोटका छात्रालााई तेस्रो पटक छात्रवृत्ति वितरण गरेको हो । भूकम्पलगत्तै सुर्खेतमा सांगीतिक कार्यक्रम गरेर जम्मा भएको रकमबाट फाउन्डेसनले छात्रवृत्ति वितरण सुरु गरेको थियो ।

१५ जना छात्राबाट छात्रवृत्ति वितरण कार्यक्रम सुरु गरेको फाउन्डेसनले हाल कर्णालीका १० वटै जिल्लाका ३० जना छात्राहरुलाई कक्षा १० सम्म छात्रबृत्ति वितरण सुरु गरेको छ । फाउण्डेसनका अध्यक्ष ज्योति कटुवालले छात्रवृत्ति वितरण कार्यक्रमलाई आगामी वर्षहरुमा बढाउँदै लिने जानकारी दिइन् ।

'सुरुमा १५ वटा छात्राहरुलाई छात्रवृत्ति वितरण गरेका थियौं, तर अहिले १० वटै जिल्लाका ३० जना पुगेका छन्, उनले भनिन्, 'यसलाई आगामी वर्षहरुमा बढाउँदै लिने योजनामा छौं ।' फाउन्डेसनले एक वर्षका लागि पुग्ने स्टेशनरी, झोला र स्कुल पोशाकहरु वितरण गर्ने गर्छ ।

कार्यक्रममा भेरी त्रिवेणी माविका प्रधानाध्यापक प्रेमबहादुर

बाँकी ४ पेजमा






## सम्पादकीय....

# फोहर व्यवस्थापनमा ध्यान देऊ !

कर्णाली प्रदेश अस्पतालले स्वास्थ्यजन्य फोहर व्यवस्थपनमा शून्य फोहर सिद्धान्त अवलम्वन गरेको छ। सुरक्षित स्वास्थ्यजन्य फोहर व्यवस्थापन प्रणाली अन्तर्गत अस्पतालले स्वास्थ्यजन्य फोहरको छुट्टाछुट्टै बर्गिकण गरेर जोखिमयूक्त फोहरलाई विशेष सवारी साधनमा संकलन गरी फोहर व्यवस्थापन केन्द्रसम्म पुऱ्याउने छ। जहाँ फोहर मैला नजलाउने प्रविधिबाट संक्रमणमुक्त गरी पुनःचक्रका लागि पठाइन्छ। जसले दिगो, सुरक्षित र शून्य फोहरमा आधारित स्वास्थ्य फोहर व्यवस्थापन प्रणालीलाई प्रवर्द्धन गर्छ। यसरी गरिने फोहर व्यवस्थापनबाट रोजगारी र आम्दानीसमेत सिर्जना गर्न सकिने जनाइएको छ। अस्पतालजन्य फोहरको असुरक्षित विसर्जनले जनस्वास्थ्य र वातावरणमा गम्भीर जोखिम बढिरहेका बेला प्रदेश अस्पतालले यो प्रविधि अपनाउन लागेको हो। तथ्याङ्क अनुसार प्रदेश अस्पतालमा अहिले दैनिक एक सय ९५ किलोग्रमाम कम जोखिमजन्य र एक सय १३ किलोग्राम उच्च जोखिमजन्य फोहर उत्पादन हुने गरेको छ। हाल नगरपालिकाले फोहर व्यवस्थापन गर्दै आए पनि विसर्जन गर्ने स्थान व्यवस्थित नहुँदा वर्षाको समयमा पानीले बगाएर लैजाने र वातावरणीय प्रदूषण निम्त्याउने खतरा छ। अत्याधुनिक प्रविधियूक्त उपरकणसहित विशिष्टिकृत सेवा प्रदान गर्न थालेसँगै प्रदेश अस्पतालमा सेवा लिनेहरुको संख्या दैनिक बद्धदोक्रममा छ।

बिरामीको चाप बढ्दा अस्पतालबाट सेवा दिनेक्रममा उत्पादन हुने फोहरका कारण बिरामी, स्वास्थ्यकर्मी र समुदायमा जोखिम बढ्दो छ। विज्ञहरुका अनुसार अस्पतालजन्य फोहरलाई जलाउने वा गाड्ने परम्परागत शैलीलाई त्यागेर वैज्ञानिक व्यवस्थापन नअपनाए वातावरण र मानवस्वास्थ्यमा गम्भीर असरको खतरा दिनानुदिन बढ्दो छ। अहिले फोहर व्यवस्थापनमा भइरहेको जलाउँने अभ्यासबाट निस्कने धुवाँले क्यान्सर र श्वासप्रश्वास जस्ता जटिल रोग निम्त्याउने खतरा छ। बाल्टिनमा फोहर राखेर मात्र व्यवस्थापन हुँदैन, यसको संकलनदेखि अन्तिम विसर्जनसम्म निश्चित चक्र अपनाउनुपर्ने विज्ञहरुको जोड छ। नेपालका स्वास्थ्य संस्थाहरुमा फोहर बाल्ने तथा नगरपालिकाको फोहर संकलन प्रणालीमा मिसाउने हानिकारक अभ्यास छ। जसले वातावरण र मानवस्वास्थ्यमा गम्भीर असर पारिरहेको छ। फोहर बाल्नाले त्यसबाट दीर्घकालिन जैविक तत्वहरु जस्तै, डाइअक्सिन, फुरान्स आदि विषालु ग्याँसहरु उत्पादन भई जनसमुदायको स्वास्थ्यमा प्रतिकुल असर परेको हुन्छ। स्वास्थ्यजन्य फोहरलाई नगरपालिकाको फोहर संकलन प्रणालीमा मिसाउँदा त्यसबाट जनसमुदायमा नयाँ रोगको संक्रमण फैलिने जोखिम उच्च रहने भएकाले यस्ता फोहरको उचित व्यवस्थापन हुनु अति आवश्यक छ।

फोहर व्यवस्थापमा महत्वपूर्ण चरण फोहरलाई स्रोतमै छुट्ट्याउनु हो। स्वास्थ्यजन्य फोहरलाई जलाउनुको साटो घटाउने, पुनः प्रयोग गर्ने, नयाँ उद्देश्यका लागि प्रयोग गर्ने, मर्मत गर्ने, पुनर्चक्रण गर्ने वा कुहाउने प्रविधिहरु अपनाउनु पर्दछ। प्रदेश अस्पतालमा स्वास्थ्यजन्य फोहरको उचित व्यवस्थापन गर्ने गरिएको भएपनि वीरेन्द्रनगरका अन्य सरकारी तथा निजी अस्पतालहरुले प्रशोधन नगरीकनै सोभै नगरपालिकाको फोहर ढुवानी गर्ने सवारीमा राख्ने गरेको पाइन्छ। यो निकै घातक अभ्यास हो। यसमा नियमनकारी निकायहरु मौन छन्। यसर्थ, स्वास्थ्यजन्य फोहरको उचित व्यवस्थापनमा सम्बद्ध निकायहरु जिम्मेवार बन्न आवश्यक छ। वीरेन्द्रनगर नगरपालिकाले अस्पतालजन्य फोहर मात्रै होइन अन्य फोहरलाई पनि सुरक्षित बिसर्जन गर्न सकेको छैन। आफ्ना वार्षिक नीति, कार्यक्रम तथा बजेटहरु अन्य क्षेत्रको तुलनामा फोहर व्यवस्थापनका एकदमै न्यून हुनु दुखद विषय हो। यो मानवस्वास्थ्य र वातावरणमाथिको गम्भीर खेलबाड हो।

# आन्तरिक आप्रवासी श्रमिकमाथि चलेको सुशासनको डोजरले उब्जाएका प्रश्नहरू



डा. मीना पौडेल

गत साता सरकारले आफ्नो १०० बुँदे कार्यक्रमको कार्यान्वयनको ३०औँ दिनको साइत पारेर मुलुकभर डोजर चलाउने निर्णय गरेछ, जुन अहिले संघीय राजधानी मात्र होइन, मुलुकभर डढेलोभैँ विस्तार गरिँदै छ। उक्त निर्णयले दर्जनौँ डोजरले हजारौँ नागरिकलाई भौतिक रूपमा मात्र विस्थापित गरेन, मनोवैज्ञानिक रूपमा विक्षिप्त पाऱ्यो, पारिरहेको छ।

उनीहरूको घण्टा र दैनिक ज्यालादारी गरि थेगिएको जीवन नै हल्लिएको छ, विद्यार्थीहरूका कापी कलम पुरिएका छन्, परिक्षा खलबलिएका छन्, बिरामीका औषधि हराएका छन्। नव जात शिशु र तिनका नव आमाहरू, ज्येष्ठ नागरिकलगायतको विशेष सहयोग र सुविधाका हक लुटिएका छन्, अनि यो अवस्था कहिलेसम्म रहने हो र मुलुकभर कति विस्तार हुने हो, त्यो सिंहदरबारको एउटा खोपीबाहेक अरुलाई सायदै थाहा होला, आमजनतालाई थाहा हुने त कुरै भएन, छैन।

यता डोजरले आन्तरिक आप्रवासी श्रमिक परिवारको जिन्दगी उजाडिरहँदा उता सरकारी र अन्य सञ्चारमाध्यमले जे-जति सूचना र जानकारी शहरिया पाठक र स्रोताबीच पुऱ्याए। त्योभन्दा कैयौँ गुणा आतंकित र विचलित थियो त्यो समाज, जो वर्षौंदेखि अनागरिक ओत ओढेर जीवन धानिरहेको थियो। उसो त सरकारी सञ्चारमाध्यमले त उत्सव मनाइरहेको भान हुन्थ्यो। अनि कतिपय निजी सञ्चारगृहहरू पनि सन्तुलित भाष्य निर्माण गर्न मिहिनेतका साथ लाग्थे। मानौँ कि, शहरमा सब ठीकठाक छ।

जनताको करमा सिंहदरबारको खोपीमा रमाइरहेको शासक वर्गलाई के थाहा, आफनै समाजबाट लखेटिनेको पीडा, अनि उनीहरूको च्यातिएको सामाजिक सम्बन्ध। शासकहरू उनीहरूको शहरलाई सुन्दर बनाउन मस्त थिए, अझै पनि झनै मस्त छन्- आन्तरिक आप्रवासी श्रमिक लखेटिरहेकोमा। के यही हो हामीले चाहेको लोकतन्त्र ? के यही हो हामीले खोजेको सामाजिक न्याय ? अनि के यही हो हामीले कर तिरेर पालेका जनप्रतिनिधि र राष्ट्रसेवक भनिएकाहरूको सुशासनको परिभाषा ? यद्धपि यहाँ प्रश्न गर्नसमेत मौन निषेध छ, तर यतिबेला हामी कर र मतदाताले प्रश्न अझ बढी गर्नुपर्ने समय आयो र हाम्रो करको हिसाब खोज्ने बेला भयो।

प्रश्न सुकुम्बासीहरूलाई किन हटाइयो भन्ने होइन, व्यवस्थापनको नाममा कसरी अमानवीय तरिकाले वस्तुकरण गरी घिसारियो भन्ने हो। प्रश्न अतिक्रमिक जमिन किन खाली गरियो भन्ने हुँदै होइन, सार्वजनिक जमिन फिर्ता ल्याउनुपर्छ भन्नेमा विमति होइन। तर, अतिक्रमित जमिन ल्याउने नाममा न्यूनतम मानवआधिकारका मापदण्ड, राज्य आफैँले तय गरेको विधि, नियम र मापदण्डसहितका वैधानिक प्रक्रिया किन पालना गरिएन भन्ने हो।

यी सावर्जनिक जमिन सरकारको दायरामा ल्याउनुपर्छ भन्ने कुरा वर्तमान सरकारको नेतृत्व गरेको दल जन्मनुअगाडि नै नागरिक समाजलगायत सचेत आमनागरिकले दशकौँदेखि उठाएको मुद्दा हो। तर, उचित सम्बोधनको साटो बल्झिएको समकालीन राजनीतिक नेतृत्वको बेइमानीले हो। अहिले सुशासनको डोजर चलाएर वैकल्पिक/नयाँ भन्नेहरूले ती पुराना भनिएकाहरूप्रतिको रिस स्थानीय श्रमबजारले नपत्याएका निम्न वर्गकाहरू जीविकोपार्जनको खोजीमा ठूला शहरमा भौँतारिनेहरूप्रति पोख्दै छन्।

यसो भनिरहँदा केही व्यक्तिहरू राजनीतिक रोटी सेक्ने क्रममा पनि ती श्रमिकहरूको भेलामा मिसिएका छन्, त्यसमा दुविधा छैन तर केही मुट्ठीभरका विरुद्ध खनिने क्रममा मुलुकभरिका लाखौँ आन्तरिक आप्रवासी श्रमिकको गाँसबासमाथि बन्दुक तेर्स्याएर डोजर चलाउने राज्य कसका लागि हो ?

अनि प्रश्न धनाढ्यहरूले दशकौँदेखि लुटिरहेको सार्वजनिक जमिन र राष्ट्रको सम्पत्ति फिर्ता गर्ने क्रममा कस्ताकस्ता रणनीति अपनाइन्छ र कस्ता प्रक्रियाको पालना गरिन्छ भन्नेसँग ती आफ्नो थातथलोमा जीविका चलाउने सम्भावनाविहीन भएर शहरिया श्रमबजारमा जीवन धान्न पसेका, हिजोका शासकहरूबाट पसाइएका निम्न वर्गमा श्रमिकप्रति गरिएको डोजरे व्यवहारको तुलना पनि हो।

के यो हिजोका शासकको रिस यी निम्न वर्गमा आन्तरिक आप्रवासीमाथि पोख्न मिल्छ ? जीवन धान्न दैनिक ज्यालादारी गर्नेहरूले जोडेको सामाजिक सम्बन्ध, सांस्कृतिक धरोहरहरूमा सेना, प्रहरीसमेतको राज्यका सबै शक्ति खन्याएर हठात् उधिन्नुले के संकेत गर्छ ? यस्ता थुप्रै प्रश्नहरू छन्, जसको जवाफ सुशासनको नारा लिएर तिनै उजाडिएका टहराहरूका मत लिएर सिंहदरबारमा विराजमान शासकहरूले दिनुपर्छ नै।

उनीहरूको व्यवस्थापन वर्षौंअगाडि गरि नुपर्थ्यो, तर यो समस्यालाई राजनीतिक गोटी मात्र बनाइयो। यसो भनिरहँदा हामीले के पनि बिर्सनु हुँदैन भने, उनीहरूलाई व्यवस्थापन गर्न यसअघि पनि प्रयास भएका हुन् र प्रयास गर्दा विभिन्न शक्ति केन्द्रहरूको स्वार्थ बाझिएर बिनासार्थक निष्कर्ष राजनीति गर्नकै निम्ति अस्तव्यस्त छाडियो। तर, यसो गरिरहँदा न्यायालय र भूमि आयोगलगायत राज्यका विभिन्न निकायहरूले सुकुम्बासी समस्या सम्बोधन गर्ने केही सान्दर्भिक रणनीति र मापदण्डहरू सुझाएका छन्। अहिले तिनै मापदण्ड र रणनीतिमा टेकेर दीर्घकालीन समाधान खोजिनुपर्थ्यो तर पुरानालाई देखाइदिने नाममा अमानवीय ढंगले सेना र प्रहरी तैनाथ गरेर डोजर चलाइयो। राज्य क्रूर बन्दै छ भन्ने सान्दर्भिक दृष्टान्त हो यो।

राज्यको यो क्रूरतालाई मलजल गर्ने र सुशासनको महोत्सवको रूपमा मनाउने जमात पनि नेपाली समाजमा जन्मिसकेछ, हुर्किइरहेछ। एउटा राजनीतिक तप्का छ, जो अहिलेको शासक वर्गसँग छ, ऊ सब ठीकठाक छ र यो डोजरे सुशासनलाई झन् तीव्र पारी मुलुकभरिका आर्थिक विपन्नलगायत सीमान्तकृतलाई शहर र बस्तीछेउछाउबाट लखेट्नुपर्छ भन्दै छ भने अर्को आफूलाई विद्वान् भनेर राजनीतिक लाभका लागि चेतना भजाउनेहरूको वर्ग छ, ऊ वाहवाही गरिरहेको छ- मुलुकका विभिन्न कुनाकाप्चाबाट स्थानीय श्रमबजारले नपत्याइएकाहरू, ठूला शहरमा रोजीरोटी र छानो खोज्न भौँतारिएकाहरूलाई डोजरले उधिन्दा।

योचाहिँ विडम्बना मात्र नभई एउटा डरलाग्दो संकेत हो, जसले समाजको आलोचनात्मक चेतमा निरंकुशताको बिर्को लाग्न सक्छ र भावी पुस्तालाई निकम्पा बनाइदिन सक्छ। यसका केही उदाहरण सामाजिक सञ्जाल र विभिन्न सञ्चारमाध्यममार्फत आउने तर्कहरूलाई लिन सकिन्छ।

यत्रो संख्याको नागरिक जो युगीन सीमान्तकृत जीवन जिउन बाध्य छ, त्यो पनि राज्यकै विभेदी चरित्रका कारण, उसैमाथि सुशासनको डोजर उधिनिँदा त्यसलाई सही भनी तर्क गर्ने वर्गले समाजलाई गिजोल्नेबाहेक के गर्न सक्ला ?

मानिस विपन्न र सीमान्तकृत न त स्वेच्छाले हुन्छ, न त कुनै भ्रामिक भाग्यवादले बनाउँछ। उसलाई आर्थिक विपन्न, सामाजिक-सांस्कृतिक र राजनीतिक सीमान्तकृत त उसको समाजमा ऐँजेरुको रूपमा रहेको शक्ति केन्द्रहरूको युगौँदेखिको अर्घेल्याइँले बनाउने हो। र, नेपाली समाजको त्यो अर्घेल्याइँ मुलुकको भौगोलिक एकीकरणसँगै संस्थागत गरियो, जुन आज उप्रान्त व्यवहारमा झन्‌झन् संस्थागत गर्ने क्रम जारी छ, चाहे त्यो जातप्रथाको निरन्तरता दिएर होस्, चाहे सांस्कृतिक पहिचानप्रतिको अस्वीकार्यता कायम राखेर होस् कि लैंगिक र यौनिक बहिष्करणको दृष्टिले होस्, चाहे उत्पादनका साधनको साझेदारको साटो श्रम शोषणसहितको मनोवैज्ञानिक दोहनद्वारा मानिसलाई वर्गीय रूपमा आर्थिक पराधीनताको साङ्लोले कसेर होस्।

अनि यो सबको नेतृत्व राज्यको स्रोतमा ढलीमली गर्ने शासकहरूबाटै हुँदै छ। राज्यका भएभरका शक्ति लगाएर डोजरमार्फत उखेलिएका ती बस्तीहरूमा नेपाली समाजका विभिन्न कुनाकाप्चामा वर्गीय, जातीय, लैंगिकलगायत सामाजिक-सांस्कृतिक रूपमा पुस्तौँदेखि सीमान्तकृत पारिएकाहरू तिनै मान्छेहरू हुन्, जो आफ्नो रहरले त्यहाँ आएका थिएनन्, तिनलाई कुनै दैवी शक्ति वा भ्रामिक भाग्यले त्यहाँ डोऱ्याएको पनि थिएन। ती लखेटिएकाहरूलाई सुन्दा प्रस्ट हुन्छ- भ्रम त बरु लोकतान्त्रिक राजनीतिले सिर्जना गरेको थियो। झुटा आश्वाशन दिएर दशकौँदेखि राजनीतिको गोटीका रूपमा राखिएको थियो र बारम्बार राजनीतिक दोहन गरिएको थियो मतमार्फत, जुन गत फागुनसम्म निरन्तर थियो, परम्परागत र वैकल्पिक भनिएका सबै राजनीतिक दलहरूका लागि।

गत साताको डोजरले उखेलेका बस्तीहरूलाई परम्परागत राजनीतिक दलहरूले राजनीतिक रूपमा प्रयोग गरे भने अहिले सत्तारोहण गरेको वैकल्पिक भन्ने पार्टीले भने आफ्नो प्रारम्भिक राजनीतिक स्वार्थ पूरा गरेपछि उनीहरूको आर्थिक स्रोत उजाडिदियो, सामाजिक सम्बन्ध च्यातिदियो, सांस्कृतिक सह-अस्तित्व टुर्क्याइदियो, अनि लखेटिएको पुस्ताका लागि मनोवैज्ञानिक त्रास जन्माइदियो। समग्रमा राज्यसँगको सम्बन्धमा प्रश्न जन्माइदियो। उसो त बस्ती उजाडिएका खाली मैदानहरूमा मखमली फूलहरू रोपिएलान्, मनोरञ्जनात्मक पार्कहरूमा परिणत होलान् र शहरिया सम्भ्रान्तहरूलाई टहलिने मैदान बन्लान्। तर, तिनै उजाडिएका बस्तीहरूका आन्तरिक आप्रवासी श्रमिकहरूको गुमेको गाँस र भत्किएको छानोको सुनिश्चितता कहिले, कहाँ, कसरी, कस्तो, कसको तजबिजमा र कतिञ्जेलका लागि हुन्छ भन्ने कुरा एउटा अर्को अनिश्चितताको खाडल हो, कम्तीमा आजसम्मको स्थिति आकलन गर्दा।

चाहे त्यो हिजोको सामन्ती प्रणालीमा होस् कि पुँजीवाद र सामन्तवादको संक्रमणकालको समय होस् वा आजको नवउदारवादी नेतृत्वको सन्दर्भमा होस्, आखिर राज्य सीमान्तकृतका लागि किन यति विषाक्त बन्दै छ ? के हामीले हाम्रो प्रणाली र शासन शैलीमा पुनर्विचार गर्ने बेला आएको हो ? यो समग्र प्रणालीको त्रुटि हो कि शासकहरूको शासनशैली र सनकको परिणाम हो ? सम्भवतः राजनीतिशास्त्रका प्राज्ञिक तप्काले यो विषयमा बहस गर्ने बेला भयो कि !

ती सरकारी शिविरहरू (जुन मनोवैज्ञानिक यातनागृहजस्ता लाग्छन्) डुल्दा, त्यहाँको अवस्था देख्दा, भूमि अधिकार र सुकुम्बासी नागरिकको हकहितमा पैरवी गर्ने विभिन्न संस्थाका मित्रहरूका भनाइ सुन्दा र ती परीक्षा पर्खेर बसेका किशोरकिशोरीहरू, भर्खर नयाँ कक्षा उक्लेका बालबालिकाहरूको आफ्नो साथी भेट्ने र नयाँ पुस्तक पढ्ने धोकोले भरिएको तर मलिन अनुहार हेर्दा ती नवआमा र उनका दूधे सन्तान, अनि किशोरी र युवतीका सेनिटरी प्याडको चिन्ताको कानेखुसी अनि दीर्घ रोगीहरूको हराएको औषधिको पिरलो आदि इत्यादी सबै सुन्दा, देख्दा जोसुकैलाई पनि प्रश्न गर्न उद्वेलित बनाउँछ कि तिनै आन्तरिक आप्रवासी श्रमिकले पनि योगदानमा चलायमान अर्थतन्त्र कसको स्वार्थमा लिप्त छ ? राज्यको अर्थ के हो ? सामाजिक न्यायको परिभाषा फेरिएको हो ? यी सब प्रश्नको उचित सम्बोधन त शासकहरूले गर्नैपर्छ तर डोजरे शासकले समयमै के बुझून् भने यस्ता प्रकृतिका विस्थापितहरूका लागि तय गरिएका शिविरहरू लैंगिक र उमेरका दृष्टिले सुरक्षित हुँदैनन्। लैंगिक र बालबालिका लक्षित हिंसा, अपराध र ठगी मौलाउने ठाउँहरूमध्ये यस्ता अस्थायी, अव्यवस्थित र सामूहिक बसाइस्थलहरू अग्र पंक्तिमा पर्छन्।

यो विश्वका व्यवस्थित भनिएका, विकसित कहलिएका ठाउँहरूको शिविर व्यवस्थापनको

बाँकी ३ पेजमा

## विश्व

# युद्धका कारण द्वन्द्वग्रस्त क्षेत्रमा खाद्यान्न पठाउन ढिलाइ




**न्युयोर्क, २१ वैशाख ।**

इरान युद्धका कारण युद्धग्रस्त अन्य देशमा खाद्यान्न पठाउनमा ढिलाइ भएको राष्ट्रसंघले जनाएको छ। युद्धका कारण विश्वको सबैभन्दा ठुलो विस्थापन संकट भएको सुडानमा सहायता पठाउने लागत दोब्बरभन्दा बढी भएको संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सी (युएनएचआरसी)ले शुक्रबार जनाएको छ।

हर्मुजको जलमार्गसहित प्रमुख खाडी ढुवानी मार्गवरिपरि बढेको असुरक्षा, बन्दरगाहमा भिडभाड, बढ्दो इन्धनको मूल्य र उच्च बिमा प्रिमियमले विशेष गरी अफ्रिकामा सहायता वितरणमा बाधा पुऱ्याएको एजेन्सीले जनाएको छ। दुबईबाट हर्मुजको जलमार्ग हुँदै पहिले जाने सहायताका जहाजहरूलाई केप अफ गुड होपवरिपरि युरोपबाट आउने जहाजहरूले प्रतिस्थापन गरिँदै छ, जसले गर्दा डेलिभरी समय २५ दिनसम्म थपिएको छ, युएनएचसिआरका प्रवक्ता कार्लोटा वुल्फले जेनेभामा पत्रकारहरूलाई बताइन्।

'अत्यन्तै आवश्यकतामा परेका मानिसहरूले आवश्यकभन्दा ढिलो गरी तयार भएका सामान प्राप्त गरिरहेका छन्,' उनले भनिन्। दुबईबाट सुडान र छिमेकी चाडमा राहत सामग्रीहरूको ढुवानी सार्नका लागि यातायात लागत दोब्बरभन्दा बढी भएको छ। शरणार्थी निकायका अनुसार ढुवानी लागत नौ लाख २७ हजारबाट बढेर १० लाख ८७ हजार डलर पुगेको छ। संयुक्त राष्ट्र संघले नियमित रूपमा सुडानमा युद्धको कारणले गर्दा भएको मानवीय संकटलाई विश्वको सबैभन्दा ठुलो मानवीय संकटको रूपमा उल्लेख गर्दै आएको छ।

दुबई हबले युएनएचसिआरको राहत सामग्रीहरूको सबैभन्दा ठुलो विश्वव्यापी भण्डार गर्दछ। यो विश्वभरका सात भण्डारमध्ये एक हो, जसमध्ये अन्य कोपनहेगन, नैरोबी, डुआला, अक्रा, पानामा सिटी र टर्मेजमा छन्। 'स्थलमार्गमा बढ्दो निर्भरताले ट्रकको अभाव र उच्च यातायात लागतलाई पनि बढाइरहेको छ,' उनले थपिन्। केन्याको नैरोबीमा इन्धनको मूल्य लगभग १५ प्रतिशतले बढेको छ, जसले गर्दा ढिलाइ भएको छ र इथियोपिया, प्रजातान्त्रिक गणतन्त्र कंगो र दक्षिण सुडानमा ढुवानीका लागि ट्रकहरूको उपलब्धता घटेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**

| | |
|---|---|
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष:** सबैलाई समेटेर काम लिन नसक्दा पछि परिनेछ। समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ। ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन्।

**वृष:** प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रूपमा सत्कार पाइनेछ।

**मिथुन:** चुनौतीपूर्ण कामको दायित्व लिनाले अलि दुःख पाइनेछ। सम्भावना देखिए पनि न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला।

**कर्कट:** प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ।

**सिंह:** काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन्। पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ।

**कन्या:** बेलैमा होस नपुर्याउँदा केही चुनौती झेल्नुपर्ला। समयको प्रतिकूलताले काम बिग्रन सक्छ। परिश्रम परे पनि कम प्रतिफल प्राप्त हुनेछ।

**तुला:** अवसरले आत्मबल बढ्नेछ र काममा सफलता प्राप्त हुनेछ। छोटो समयमा फाइदा लिन सकिनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**वृश्चिक:** काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**धनु:** खर्चको जोहो गर्न आफन्त र परिवारबाट टाढिनुपर्ला। केही पाउन केही वस्तु त्याग्नुपर्ला। यात्रा तथा भ्रमणका लागि प्रयत्न गर्ने समय छ।

**मकर:** नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। नोकरी तथा व्यवसायमा फाइदा हुनेछ। आवश्यक भौतिक साधन जुट्नाले नयाँ काम थालनी हुनेछ।

**कुम्भ:** पछिका लागि राम्रो सम्भावना देखिए पनि तत्काल सोचेको लाभ नहुन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान्।

**मीन:** काम थाल्ने र पछिका लागि सम्भावना खोजी गर्ने समय छ। आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ।

# कर्णालीलाई समृद्ध बनाउने जिम्मा युवाको काँधमा छ : प्रदेश प्रमुख जोशी

## १० युवालाई कर्णाली युथ आइकन अवार्ड

**युग संवाददाता**
**सुर्खेत, २१ बैशाख ।**

कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशीले कर्णाली गरिब र अशिक्षित छ भन्ने पुरानो मानसिकता त्यागेर समृद्धिको नयाँ बाटोमा लाग्न युवाहरूलाई आह्वान गरेका छन् । शनिबारदेखि वीरेन्द्रनगरमा आयोजित कर्णाली युवा महोत्सवको समापन समारोहलाई सम्बोधन गर्दै उनले कर्णाली सम्भावनाले भरिपूर्ण रहेको र ती सम्भावनालाई उजागर गर्ने जिम्मा युवाहरूको भएको बताए ।

प्रदेश प्रमुख जोशीले कर्णालीको हीनताबोध त्याग्नुपर्नेमा जोड दिँदै भने, "कर्णाली गरिब छ, अशिक्षित छ भन्ने मनोवृत्तिबाट हामी टाढा रहनुपर्छ । कर्णाली समृद्ध छ र यहाँ उज्ज्वल भविष्य छ भन्ने सोचका साथ अगाडि बढ्नु अहिलेको आवश्यकता हो ।'

उनले यो युग युवाहरूको भएको उल्लेख गर्दै अहिलेको परिस्थितिमा निराश नभई उत्साहित भएर काम गर्न युवाहरूलाई प्रेरणा दिए । सम्बोधनका क्रममा प्रदेश प्रमुख जोशीले कर्णालीको समृद्धिको मुख्य आधार नै कृषि भएको बताए । युवाहरू रोजगारीका लागि भारत र अन्य देशमा जानुपर्ने बाध्यताको अन्त्य गर्न कृषि क्षेत्रमा क्रान्ति ल्याउनुपर्ने उनको तर्क थियो ।

'कर्णालीमा सबैभन्दा पहिले कृषिमा जोड दिनुपर्छ, जसले यहाँका युवाहरूलाई आफ्नै माटोमा स्वरोजगार बनाउँछ,' उनले भने, ' हाम्रा युवाहरू यहाँका सम्भावना छाडेर मुग्लान पस्नुपर्ने अवस्था दुःखद छ । सरकारले कृषिमा युवाहरूलाई लाग्न प्रेरित गर्ने ठोस कार्यक्रम ल्याउनुपर्छ ।' कृषि क्षेत्रमा युवालाई आकर्षित गर्न धेरै ठूलो लगानी भन्दा पनि सही नीति र समन्वय आवश्यक रहेको जोशीको भनाइ थियो । प्रदेश र स्थानीय सरकारले संयुक्त प्रयास गरेमा कर्णालीलाई समृद्ध बनाउन र युवाहरूलाई रोजगारी दिन असम्भव नरहेको उनले दावी गरे ।

'कृषितर्फ युवाहरूलाई उन्मुख गराउन ठूलो लगानी लाग्दैन,' उनले थपे, 'यसका लागि संघीय, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारबीच नियमित र प्रभावकारी समन्वय हुनु आवश्यक छ ।' गत शनिबारदेखि सुरु भएको कर्णाली युवा महोत्सवमा प्रदेशभरका युवाहरूको सहभागिता थियो । उत्सवमा विकास, नेतृत्व र उद्यमशीलताका विषयमा गहन छलफल भएका थिए ।

**१० युवालाई कर्णाली युथ आइकन अवार्ड**

कर्णाली युवा महोत्सवको अवसरमा कर्णालीलाई कर्मथलो बनाएर सामाजिक रुपान्तरणका क्षेत्रमा काम गरेका १० जना युवालाई कर्णाली युथ आइकन अवार्डबाट सम्मान गरिएको छ । सोमबार महोत्सव समापन समारोहमा प्रदेश प्रमुख जोशीले कर्णालीको स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याएवापत नेत्र रोग विशेषत्र डाक्टर आकांक्षा रानालाई युथ आइकन अवार्ड प्रदान गरे ।

त्यस्तै, पत्रकारिताको तर्फबाट चाँदनी कठायत, गीत संगिततर्फ इब्सल सन्ज्याल, शिव संगित, युवा व्यवसायीतर्फ मनिषजंग शाही, युवा उद्यमीतर्फ प्रमिला बुढा, सामाजिक क्षेत्र हिक्मत वादी, समाजसेवीका रुपमा हरि कँडेल, चलचित्रतर्फ केशव थापा, युवा उत्प्रेरक आदर्शविक्रम सिंहले युथ अवार्ड प्राप्त गरेका छन् । उनीहरुलाई प्रदेश प्रमुख जोशीले अवार्ड प्रदान गरेका थिए ।

---

## आन्तरिक...

मुख्य चुनौतीमध्येमा पर्छ । हाम्रै विगत सुखद छैन, चाहे त्यो भूकम्पका बेला व्यवस्थापन गरिएका सामूहिक बसाइ हुन् वा बाढीपहिरोले विस्थापितहरूले भोगेका अनुभूतिहरू होऊन् । बालबालिकाविरुद्ध यौन र गैरयौन हिंसा, बलात्कारका घटना अनि अलिक पछि गएर किशोरकिशोरी बेचबिखनलगायत विभिन्न सामाजिक अपराध मौलाउने गरेका थुप्रै दृष्टान्तहरू छन ।

यी शिविर व्यवस्थापन गर्ने निकाय, प्रशासन र स्थानीय जनप्रतिनिधि यसतर्फ सजक हुनु जरुरी छ । साथै, विभिन्न अधिकारमुखी संघसंस्थाहरू, अहिले सहयोग गरिरहेका सुकुम्बासी र आन्तरिक आप्रवासी अधिकारको पैरवी गर्ने सञ्जालहरू, सञ्चारमाध्यम र राजनीतिक पार्टीहरू पनि सजक हुनु जरुरी छ । आपराधिक गतिविधिमा विश्वास गर्नेहरूले अवसर हेर्ने ठाउँहरू हुन् यस्ता अस्थायी र अव्यवस्थित बसाइहरू । सहयोग गर्ने नाममा ठगी गर्नेहरू वरिपरि हुने गर्छन् र असहज परिस्थितिमा परेको बेला भावनात्मक ब्ल्याकमेलिङ गर्ने, विभिन्न लोभ/प्रलोभनमा पार्ने, मनोवैज्ञानिक प्रभाव पारेर झुक्याउनेहरूले नाजायज फाइदा उठाउन सक्छन् । त्यसैले हामी सबै आ-आफ्नै ठाउँबाट सजक रहनुपर्छ ।

सबैभन्दा महत्त्वपूर्ण पक्ष के हो भन्दा, बहुमतको सरकार राज्यको संरचना, पद्धति, विधिविधान, नागरिक अधिकारसम्बन्धी भएका मापदण्डहरू गुमराहमा राखेर होइन, पालना गरेर, अझ सकिन्छ भने सदियौँदेखि राज्यद्वारा नै सीमान्तकृत पारिएका निम्न वर्गका नागरिकको पक्षधरताको धरातलमा उभिएर सामाजिक न्यायको मर्मसहितको निर्णय गर्छ कि गर्दैन भन्ने हो । सीमान्तकृतको छानो उधिन्ने डोजरे सुशासन होइन, सामाजिक न्यायमा आधारित सुशासन हो आमनागरिकले खोजेको ।

आन्तरिक आप्रवासी श्रमिकको भएको रोजीरोटी खोस्न होइन, व्यवस्थित रोजगारीको अपेक्षासहित हो फागुनको निर्वाचनमा मत दिएको । यो डोजरे सुशासनले कसका लागि कति रोजगारी सिर्जना भए र कसका, कति भएका रोजगारी गुमे ?

*(शिलापत्र)*

---

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**स्तर निर्धारण तथा सम्वन्धन महाशाखा**
**सानोठिमी, भक्तपुरको**

**श्री सुर्खेत प्राविधिक संस्था विरेन्द्रनगर न.पा.-०६, सुर्खेतको नाममा सम्वन्धन/स्वीकृति प्रमाणपत्र तह सामान्य चिकित्सा कार्यक्रम नामसारी (स्वामित्व हस्तान्तरण) एवं ठाउँसारी सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**प्रकाशित मिति : २०८३/०१/०२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम **परिषद्बाट ३ वर्षे प्रमाणपत्र तह सामान्य चिकित्सा कार्यक्रमको सम्बन्धन/स्वीकृति प्राप्त संस्था श्री सुर्खेत प्राविधिक संस्था विरेन्द्रनगर न.पा.-०६, सुर्खेत**ले कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर, काठमाण्डौको मिति २०६३/१०/१० को संलग्न शेयर लगत विवरण अनुसार श्री धर्मराज गिरी उत्तरगंगा वडा नं, पार्वती गिरी, सुर्खेत ९. सुर्खेत र .९. उत्तरगंगा वडा नंकल्पना गिरी. सखुवा गावि ३. वडा नं.स.. धनुषाको नामबाट कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर. काठमाण्डौको मिति २०८२/०४/२९ च.नं. कम्पनी प्र./३१९५८ प.सं.८२/८३ को संलग्न शेयर लागत विवरण अनुसार श्री मिन बहादुर खड्का ना.प्र.नं. ५६९८७/११९ सुर्खेत र भवानी कार्की ना.प्र.नं.६९८२६/८१२ सुर्खेतको नाममा नामसारी (स्वामित्व हस्तान्तरण) एवं साविक स्थान विरेन्द्रनगर न.पा.०६ सुर्खेतबाट विरेन्द्रनगर न.पा. वडा नं.०९ लाटीकोइली सुर्खेतमा ठाउँसारी गरी कार्यक्रम संचालन गर्न पाउँ भनी पेश भएको निवेदनमाथि कारवाही हुदां प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/१२/१० गतेको निर्णयानुसार माग भै आए बमोजिम नामसारी (स्वामित्व हस्तान्तरण) र ठाउँसारी प्रकृया अगाडी बढाउने प्रयोजनका लागि उल्लेखित संस्था र सम्बन्धन/स्वीकृत भै हाल स्थगित प्रमाणपत्र तह सामान्य चिकित्सा कार्यक्रम प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण लिखित जानकारी गराउनुहुन अनुरोध छ । उल्लेखित समय भित्र कसैको उजुरी परेमा ! सोही अनुसार हुने र उजुरी नपरेमा कानूनी म्याद समाप्त भएपछि नामसारी (स्वामित्व हस्तान्तरण। एवं ठाउँसारी प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**फोन नं. ०१ - ६६३०४०८, सानोठिमी, भक्तपुर ।**
**इमेल:ctevtaccreditation061@gmail.com**

---

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना संसोधन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१८**

गुर्भाकोट नगरपालिका अन्तर्गत जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, सुर्खेतको आर्थिक तथा प्राबिधिक सहयोगमा सञ्चालित तपसिलका सिंचाई, खानेपानी तथा सरसफाइ योजनाहरूका लागि परियोजनाको सामुदायिक(वाह्य निर्माण सामग्री) खरिद कार्यविधि–२०८२ बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री पाइप, फिटीङ्गस्, सिमेन्ट, सरिया(रड) तथा औजारहरू खरिद गर्नुपर्ने भएकोले दरभाउ पत्र साथ संलग्न परिमाण, र उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरू निम्न शर्तहरूको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायर्सबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । साथै यस अघि जारि सूचनामा सिलबन्दी दरभाउपत्रको अनुमानित रकम उल्लेख गर्दा त्रुटी भएकोले निम्न बमोजिम सच्याइएको व्यहोरा जानकारी गराइन्छ ।

**तपसिलः**

| सिलबन्दी दरभाउपत्र नम्बर | योजनाको नाम | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (ढुवानी सहित र भ्याट बाहेक) | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| SQ/GOODS/ GM/01/082/083 | सिमलगैरा खहरे खोला सिँचाई तथा सरसफाई योजना, गुर्भाकोट- ९ सुर्खेत | ६०५४१०७.२७ (अक्षरुपी साठी लाख चौपन्न हजार एक सय सात रुपैयाँ सत्ताइस पैसा मात्र) | ३,०००।०० (अक्षरुपी तिन हजार रुपया मात्र) | सम्बन्धित योजना स्थलमा (गुर्भाकोट नगरपालिका–९) |
| SQ/GOODS/ GM/02/082/083 | सिमलगैरा खानेपानी तथा सरसफाई योजना, गुर्भाकोट-३, सुर्खेत | १६७१६९३.९१ (अक्षरुपी सोह्र लाख एकहत्तर हजार छ सय त्रिनब्बे रुपैयाँ एकानब्बे पैसा मात्र) | १००० ।०० (अक्षरुपी एक हजार रुपया मात्र) | सम्बन्धित योजना स्थलमा (गुर्भाकोट नगरपालिका–३) |
| SQ/GOODS/ GM/03/082/083 | साजगैरा दाप्चा खानेपानी तथा सरसफाई योजना, गुर्भाकोट- ९ सुर्खेत | १७३१०१२.५९ (अक्षरुपी सत्र लाख एकतिस हजार बाह्र रुपैयाँ उनान्साठी पैसा मात्र) | १००० ।०० (अक्षरुपी एक हजार रुपया मात्र) | सम्बन्धित योजना स्थलमा (गुर्भाकोट नगरपालिका–९) |

**शर्तहरुः**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित गुर्भाकोट नगरपालिकाको कार्यालयबाट वा परियोजना www.laccp.org.np र नगरपालिकाको www.gurbhakotmun.gov.np वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्र पेश गर्दा तोकिएको फारम दस्तुर (पछि फिर्ता नहुने गरी) योजना संचालन हुने गुर्भाकोट नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, मेहेलकुना शाखामा रहेको आन्तरिक राजश्व खाता नं.-४४८०१००३०१०१०००२ (ग १.१) मा जम्मा गरेको सक्कलै भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर सहित फर्म वा सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले १६औं दिन (मिति २०८३/०२/०२) को दिउसो १२:०० बजे भित्र सम्बन्धित नगरपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ । यी फारमहरू यो सूचना प्रकाशित भएको मितिबाट १५ औं दिन (मिति २०८३/०२/०१) को कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ । दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा
   क) सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ ।
   ख) हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौ) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा ढुवानी भै प्राविधिक चेकजाँच भएपछि मात्र हुनेछ । यसैले बोलपत्र सम्बन्धि धरौटी तथा बैक जमानतको आवश्यकता पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मितिले १८ औं (२०८३/०२/०४) दिन गुर्भाकोट नगरपालिका, सुर्खेतको कार्यालयमा दिउसो १०:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, नगरपालिका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउ पत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. दरभाउपत्र फाराममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्न पाइने छैन ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

११. अन्य शर्तहरू परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र फारम साथै संलग्न गरिएको छ ।

१२. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना नगरपालिकाहरूको सूचना पाटीमा जानकारी गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा गुर्भाकोट नगरपालिका वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयन एकाई सम्पर्क गर्न सकिनेछ ।

**संयुक्त खरिद समिति**

---

## सर्केगाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**हुम्ला, कर्णाली प्रदेश**

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२२ गते**

सर्केगाड गाउँपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं २,३र५मा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ योजनाहरुको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही आपूर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायर्सवाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिल :**

| सिलबन्दी दरभाउपत्र नंम्बर | खानेपानी तथा सरसफाई योजनाको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याटर ढुवानी सहितको ) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बोलपत्र जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|
| HTWASH/ SQ/01/082/083 | हलेठेला खानेपानी तथा सरसफाई योजना सर्केगाड २ | ०६५०१००००१३६२२०१ सिटिजन्स बैक | ३,५८०,६००.५५ | ३०००.०० | ८९,५१६ |
| UPWASH/ SQ/02/082/083 | उनापानी खानेपानी तथा सरसफाई योजना सर्केगाड ३ | ०६५०१००००१३६१२०१ सिटिजन्स बैक | २,६९३,७६५.६२ | ३०००.०० | ६७,३४४.२ |
| NMWASH/ SQ/03/082/083 | नौमुले खानेपानी तथा सरसफाई योजना सर्केगाड ५ | ०६५०१००००१३६३२०१ सिटिजन्स बैक | २,९२८,४५६.३२ | ३०००.०० | ७३,२११.५ |

**शर्तहरुः**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारमरु ३,००० (पछि फिर्ता नहुने गरी) सर्केगाड शाखामा रहेको सिटिजन्स बैक स्थित माथि उल्लेखित उपभोक्ता समितिको खातामा छुट्टाछुट्टै योजनाको नगद रकम दाखिला गरेको भौचर प्रतिलिपि पेश गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ताको समितिको नाममा वैकमा रहेको खाता नम्बरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५औ दिन(२०८३।०२।०५) गते को कार्यालय समय भित्र वास इकाइ कार्यालय सर्केगाड वा आयोजना सहयोग इकाई, सुर्खेत वाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको मिति (२०८३।०२।०६ गते)ले १६ औ दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बोलपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको वैकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिको अध्यक्षलाइ निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लायरले कुनै एक वा सबै योजनाको लागि दरभाउ पत्र पेश गर्न सक्नेछ तर सो दरभाउ पत्रहरु प्रत्येक योजनाको छुट्टा छुटै भरि छुट्टाछुटै सिलबन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र नं उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ । यसका साथै दरभाउँ पत्रमा दररेट भर्दा अनिवार्य रुपमा अङ्क र अक्षर दुवैमा केरमेट नगरी प्रष्टरुपमा भरेको हुनुपर्ने छ । दरभाउँ पत्रका सवै पानाहरुमा अनिवार्य रुपमा सप्लायर्सको छाप तथा दस्तखत गरिएको हुनु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षर लाइ मान्यता दिइने छ ।

३. सम्भावित सप्लायर्स र आपूर्तिकर्ताहरुलाई खरिदको दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरुको स्पेसीफिकेसन वा कोटेशन पेश गर्ने तरिका आदिका बारेमा जानकारी दिन १२ औ दिनमा Pre-Bid Meeting गरिने छ।

४. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु = [०.८५ × लागत अनुमान – कबोल मुल्य) ×०.५]+५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको वैक खातामा जम्मा गर्न पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायर्सको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ । हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ वजे भित्र प्राप्त सर्केगाड गाउँपालिका सर्केगाडमा पेश गर्न सकिनेछ ।

६. आपूर्ति हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भई सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र आपूर्ति भएको सामानको भुक्तानी दिइनेछ ।

७. उपरोक्तनुसार प्राप्त भएका दरभाउ पत्रहरु मिति २०८३/०२/०६ मा गाउँकार्यपालिकाको कार्यालय सर्केगाडमा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा दिउसो २:०० वजे खोलिनेछ । दरभाउ पत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

८. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

११. यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलव्ध गराइनेछ । अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।

१२. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना गाउँपालिका, सर्केगाडको सूचना पाटीमा गरिनेछ ।

**सम्पर्क व्यक्तिको नम्वर ९८६८२५३३०९/९८४८०१९९८८**

*(नोटः योजनाको सामाग्रीहरु तपसील बमोजिमको स्थान सम्म ढुवानी गर्नु पर्नेछ ।)*

१. हलेठेलाखानेपानी योजना सर्केगाड-२, खडीखेत
२. उनापानी खानेपानी योजनासर्केगाड-३, स्यालतडी वजार
३. नौमुले खानेपानी योजनासर्केगाड-५, गोठी गाउँ

**संयुक्त खरिद समिति**

# सुदूरपश्चिमका सर्पदंशको उच्च जोखिम रहेका क्षेत्रमा उपचार सेवा विस्तार गरिँदै

**युग संवाददाता**
**कञ्चनपुर, २१ वैशाख ।**

सुदूरपश्चिम प्रदेशका सर्पदंशको उच्च जोखिम रहेका क्षेत्रमा उपचार सेवा विस्तार गरिने भएको छ। सन् २०३० सम्ममा सर्पदंशबाट हुने मृत्युदर र अपाङ्गतालाई ५० प्रतिशतले घटाउने सरकारको लक्ष्यअनुरूप उपचार केन्द्र विस्तार गर्न लागिएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अस्पतालदेखि प्राथमिक स्वास्थ्य केन्द्रसम्म सर्पदंशको उपचार सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ। सोही योजनाअनुरूप डडेल्धुराको जोगबुडा अस्पताल, बैतडीको पाटन र केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र, दार्चुलाको गोकुलेश्वर अस्पताल, बझाङको रायल प्राथमिक स्वास्थ्य केन्द्र र बाजुराको कोल्टी आधारभूत अस्पतालमा सेवा विस्तार गरिन लागेको सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा खगेन्द्र बमले बताए।

# कार्यान्वयनयोग्य आयोजना प्रस्ताव गर्न प्रदेश सरकारको आग्रह

**युग संवाददाता**
**सुर्खेत, २१ वैशाख ।**

कर्णाली प्रदेश सरकारले कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रम प्रस्ताव गरेर पठाउन स्थानीय तहलगायत सरोकारवालाहरूलाई आग्रह गरेको छ।

नेपालको संविधान धारा, २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेको आधारलाई समेट्ने गरी १४ बुँदालाई आधार बनाएर प्रदेश सरकारले ससर्त अनुदान कार्यान्वयन गराउन सरोकारवालाहरूका लागि प्रस्ताव आह्वान गरेको हो।

आयोजना तथा कार्यक्रमको प्रस्ताव पेस गर्न प्रदेश सरकारले समयसीमा तोकेको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी अञ्जु चौधरीले जानकारी दिए। स्थानीय तहबाट कार्यान्वयन हुने रु १० लाखदेखि रु ५० लाखसम्म लागत भएका आयोजना, प्रदेश सरकारको अधिकार सूचीभित्रका कुनै विषयका आयोजना, प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकारमार्फत कार्यान्वयन, प्रदेश सरकारको आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुर्‍याउने, स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना र कार्यान्वयन गर्नुपर्ने, मानव विकास सूचकाङ्कको अवस्थाका आधारमा ससर्त अनुदान प्रदान गर्न सकिने उनले बताए।

## भूकम्प...

पुनले भूकम्पका कारण घरबार विहिन भएका, अभिभावक गुमाएका जेहेन्दार छात्राहरुका लागि छात्रवृत्ति कार्यक्रम अत्यन्तै प्रभावकारी भएको बताए। उनले स्कुल पोशाक किन्न नसक्ने, आफ्ना छोरीहरुका लागि किताव कलम किन्न नसक्नेहरुका लागि यो कार्यक्रमले महत्वपूर्ण प्रभाव पारेको बताए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णराज विश्वकर्माले विपन्न र जेहेन्दार छात्राहरुलाई विद्यालयमा टिकाइराख्न छात्रवृत्ति कार्यक्रम प्रभावकारी भएको बताए। उनले यो कार्यक्रमलाई अझ विस्तार गर्न सुझाव दिए। जनज्योति आधारभूत विद्यालय रुकुम पश्चिमका शिक्षिका सुनिता देवकोटाले विपन्न परिवारका बालिकाहरुलाई शिक्षा प्रदान गर्न र विद्यालयमा नियमित आउने वातावरण बनाउन छात्रवृत्ति कार्यक्रम प्रभावकारी भएको बताइन्।

## गरिबीको...

करोड ५९ लाख पाउदा सबैभन्दा कम शिवालय गाउँपालिकाले ९६ करोड १९ लाख अनुदानवापतको रकम प्राप्त गर्ने भएको छ। ६ स्थानीय तह रहेको सल्यानमा शारदा नगरपालिकाले एक करोड ६२ लाख रुपैयाँ अनुदान सिलिङ पाउदा सिद्धकुमाख गाउँपालिकाले भने ९० लाखभन्दा कम (८७ लाख ११ हजार) पाएको छ।

रुकुम पश्चिमका ६ स्थानीय तहमध्ये सबैभन्दा बढी मुसिकोट नगरपालिकाले एक करोड ६२ लाख ४३ हजारको सिलिङ पाउदा कम बाँफिकोट गाउँपालिकाले एक करोड नौ लाख ३२ हजार पाएको छ। नौ स्थानीय तह रहेको कालीकोटमा खाँडाचक्र नगरपालिकाले सबैभन्दा धेरै एक करोड ८८ लाख र सबैभन्दा कम महावै गाउँपालिकाले एक करोड एक लाख अनुदान प्राप्त गरेका छन्। त्यस्तै, आठ स्थानीय तह रहेको जुम्लामा चन्दननाथ नगरपालिकाले सबैभन्दा बढी एक करोड ८२ लाख प्राप्त गर्दा हिमा गाउँपालिकाले एक करोड १३ लाख प्राप्त गरेको छ।

## हिमाली...

जसमा छार्कातांङसोङ गाउँपालिकाले ४५ लाख ६२ हजार, शे-फोक्सुण्डो गाउँपालिकाले ५६ लाख १० हजार, जगदुल्ला गाउँपालिकाले ५३ लाख ३९ हजार, मुड्केचुला गाउँपालिकाले ८१ लाख ३९ हजार, काइके गाउँपालिकाले ६९ लाख ६७ हजार, डोल्पोबुद्ध गाउँपालिकाले ४९ लाख ४१ हजार, त्रिपुरासुन्दरी नगरपालिकाले एक करोड १८ लाख ८९ हजार, ठुलीभेरी नगरपालिकाले एक करोड १४ लाख ५९ हजार रुपैयाँ पाएका छन्।

मुगुमा चार स्थानीय तह छन्। जसमा छायाँनाथ रारा नगरपालिकाले एक एक करोड ७९ लाख ९४ हजार बरारबरको अनुदान सिलिङ पाएका छन्। त्यस्तै, मुगुमकार्मारोङ गाउँपालिकाले ८० लाख ९३ हजार, सोरु गाउँपालिकाले एक करोड २६ लाख ७८ हजार, खत्याड गाउँपालिकाले एक करोड ५३ लाख १० हजार बराबरको अनुदानभित्र रहेर बजेट निर्माण गर्न पाउनेछन्।

सात स्थानीय तह रहेको हुम्लाको चंखेली गाउँपालिकाले ८५ लाख चार हजार रुपैयाँ बराबरको समानिकरण अनुदानको सिमा पाएको छ। यस्तै, खार्पुनाथ गाउँपालिकाले ८९ लाख एक हजार, सिमकोट गाउँपालिकाले एक करोड ३५ लाख ९६ हजार, नाम्खा गाउँपालिकाले ७० लाख ३७ हजार, सर्केगाड गाउँपालिकाले एक करोड नौ लाख ६० हजार, अदानचुली गाउँपालिकाले ८५ लाख ४२ हजार र ताँजाकोट गाउँपालिकाले ७९ लाख ४१ हजार रुपैयाँ बराबरको अनुदान सिलिङ प्राप्त गरेका छन्।

**अनुसुची–१५**
**(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)**

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको २१ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८३/०१/२२**

श्री सम्झना सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-१०, सुर्खेतको सामुदायिक वनबाट २०८२/०८३ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको कार्य योजना बमोजिम (खोटे सल्ला आख्ला प्रजाति) परिमाण ४९६२० के.जी., संकलन सहमति दिईएको (खोटे सल्ला आख्ला प्रजाति) परिमाण ४९६०० के.जी., नापतौल मुचुल्का बमोजिमउत्पादन भएको (खोटे सल्ला आख्ला प्रजाति) परिमाण १९१३६ के.जी., काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काइस)औं दिनमा खरिद गरी २२ (बाइस)औं दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री सम्झना सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-१०, सुर्खेत श्री लेखगाउँ सव-डिभिजन वन कार्यालय हुर्के, सुर्खेतको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री सम्झना सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.–१०, सुर्खेत।**


## प्रदूषण नियन्त्रण प्रति सचेत बनौं।

- प्रदूषण नियन्त्रण स्वास्थ्यको आधार।
- धुवाँधुलो त्यागौं, सफा हावामा सास फेरौं।
- स्वस्थ वायु, स्वस्थ जीवन।
- प्लास्टिक प्रयोग बन्द गरौं, वातावरणलाई स्वच्छ राखौं।
- प्लाष्टिकजन्य प्रदूषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौं।
- नदीनाला सफा राखौं, भविष्यलाई सुरक्षित बनाऔं।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

- सामाजिक सञ्जालमाः
- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

**जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन। यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

## सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

## GANGAMALA TRAVELS & TOUR PVT. LTD

## CAR WASH

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP


**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।